# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा

पत्र सं: ०८२/०८३
च. नं. १८७६०.

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश नेपाल

मिति २०८३/०२/११

श्री सम्पूर्ण शिक्षकहरु ज्यूहरु,
वालिङ नगरपालिका, स्याङ्जा।

**विषय- विषय विज्ञमा सूचिकृत हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली २०५९ को नियम ९७ बमोजिम अस्थायी / करारमा शिक्षक कर्मचारी नियुक्तिका लागि विषय विज्ञ छनौट गर्ने प्रयोजनका लागि मिति २०८३/१/२४ गते प्रकाशित सूचनामा सबै तहमा विषयगत रुपमा निवेदन प्राप्त नभएकोले यस अघि विषय विज्ञमा सूचिकृत हुनु भएको शिक्षकहरुलाई नविकरणका लागि समेत अनुरोध गर्दै वालिङ नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत तपसिल बमोजिमका योग्यता भएका शिक्षकहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसिल:

१) आधारभूत तह कक्षा ( १-५) का लागि कम्तिमा स्नातक उत्तिर्ण गरी सोही तहमा ५ वर्ष स्थायी सेवा गरेको
२) आधारभूत तह कक्षा (६-८) का लागि सम्बन्धित विषयमा स्नातक उत्तिर्ण गरी सोही तहमा ५ वर्ष स्थायी सेवा गरेको
३) माध्यमिक तह कक्षा (९-१०) का लागि सम्बन्धित विषयमा स्नाकोत्तर उत्तिर्ण गरी सोही तहमा ५ वर्ष स्थायी सेवा गरेको
४) माध्यमिक तह कक्षा (११-१२) का लागि सम्बन्धित विषयमा स्नाकोत्तर उत्तिर्ण गरी माध्यमिक तह (९-१०) मा ५ वर्ष स्थायी सेवा गरेको र निरन्तर रुपमा कक्षा ११-१२ मा सम्बन्धित विषय अध्यापनरत रहेको

आवश्यक कागजातहरु:

१) व्यक्तिगत निवेदन
२) नियुक्ति पत्रको प्रतिलिपि
३) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि
४) शिक्षक सेवा आयोगको प्रचलित पाठ्यक्रम बमोजिम १ सेट नमुना प्रश्नपत्र
५) सम्बन्धित विषयमा थप अनुभव भए सो समेत समावेश गरी पेश गर्नुहुन्।
६) राजश्व दाखिला गरेको रसिद
७) राजश्व दस्तुर: आ. वि. (१-५) रु. ५००/-, आ. वि. (६-८) रु. ७००/-, मा. वि. (९-१०) रु. १०००/-, र मा. वि. (११-१२) रु. १२००/- )

.....................
ख्यामनारायण काफ्ले
शिक्षा शाखा प्रमुख